# संयुक्त राष्ट्र सङ्घ र सामाजिक न्यायका लागि शिक्षा

**हरिविनोद अधिकारी**,
शिक्षक, काठमाडौँ शिक्षा क्याम्पस

**लेख सार**

**सामाजिक न्यायलाई सामूहिक न्यायका रूपमा हेरिन्छ । आजको नेपालमा सामाजिक न्यायको कुरा गर्दा शिक्षाको विकासको कुरा नै सर्वप्रथम आउँछ । संयुक्त राष्ट्र सङ्घको सामाजिक विकासका सम्बन्धमा गरिएको कोपेन हेगन शिखर सम्मेलनमा शिक्षालाई महत्त्वपूर्ण माध्यम र साधनका रूपमा लिइएको थियो । पछि त्यसैलाई सहस्राब्दी लक्ष्यमा राखेर सामाजिक न्यायका लागि शिक्षाको अपरिहार्यतालाई जोड दिइयो । सामाजिक न्यायको कुरा गर्दा मानव अधिकारको पनि कुरा गर्नु जरुरी छ जसले सबै मानिसलाई शिक्षाको उज्यालो घामबाट कसैलाई वञ्चित गर्नु नपरोस्, कोही वञ्चित पनि नहोस् । सामाजिक न्यायको प्रत्याभूति सघन पार्न पनि मानव अधिकारलाई सुरक्षित गर्नु अनिवार्य छ र त्यसलाई शिक्षाले मात्र सम्भव छ । शिक्षाका लागि अन्तरराष्ट्रिय रूपमा, खासगरी संयुक्त राष्ट्र सङ्घको अथक प्रयासलाई कुनै पनि सदस्य राष्ट्रले मनन पनि गर्नुपर्दछ र कार्यान्वयन पनि गर्नुपर्दछ । सामाजिक न्याय प्राप्तिका लागि सबैभन्दा महत्त्वपूर्ण माध्यम भनेको नै शिक्षा हो जसलाई राष्ट्र सङ्घले अहिले जोड दिइरहेको छ । सामाजिक न्याय प्राप्तिका लागि शिक्षा अनिवार्य छ र शिक्षा प्राप्तिका लागि सामाजिक न्याय अनिवार्य आवश्यकतामा पर्दछ ।**

## १. विषय प्रवेश

### के हो त सामाजिक न्याय ?

सामाजिक न्यायको तात्पर्य कसैमाथि कुनै भेदभावरहित व्यवहार गर्नु, त्यसको रक्षाका आधारहरू खोजी न्यायोचित व्यवहारमा जोड दिनु हो (काफ्ले र ढकाल : २०६९) । समाज असमानताले बनेको हुन्छ (कोइराला : २०६१) । त्यो असमानता भनेको शारीरिक असमानता पनि हो, लैङ्गिक असमानता पनि हो, बौद्धिक असमानता पनि हो र बैचारिक असमानता पनि हो । यी र यस्तै असमानताहरूलाई समान मूल्य दिन सामाजिक न्याय चाहिन्छ (कोइराला : २०६१) । समाजलाई असमानताको क्षेत्र बनाउने हाम्रै समाज हो । समानताको पक्षमा लैजानुपर्दछ भनी प्रयास गर्ने पनि समाजका सदस्यहरू नै हुन् । त्यही समानताको खोजीलाई नै सामाजिक न्याय भनिएको हो । जोन रावल्स (१९७१) ले सामाजिक न्याय प्राप्तिका लागि दुई ओटा सिद्धान्त अपाउन सल्लाह दिएका छन्– प्रथम सिद्धान्त र द्वितीय सिद्धान्त । प्रथम आवश्यक सिद्धान्तमा राजनीतिक स्वतन्त्रता, वाक र भेला हुने स्वतन्त्रता, विचारको स्वतन्त्रता सम्पत्तिको स्वतन्त्रता र जथाभावी पक्राउ र कब्जा विरुद्धको स्वतन्त्रता । द्वितीय आवश्यकताको सिद्धान्तमा अन्य पहिलो सिद्धान्तका वितरणहरूलाई नियमित गर्ने र भौतिक सम्पत्ति, सामाजिक, आर्थिक र राजनीतिक अवसर आदि । अति कम विकसित समुदायका उच्चतम विकास र सार्वजनिक सेवा र पदमा समान अवसरको सिर्जनाद्वारा आर्थिक असमानता हटाएर वा व्यवस्थित गरेर न्याय प्रदान गर्न सकिन्छ ।

## २. सामाजिक न्याय

कानुनी रूपमा न्यायलाई अर्थ्याइने जस्तै गरी व्यापक अर्थमा सामाजिक न्यायलाई नलिनुको कारण हो सामाजिक न्याय आधुनिक युगमा तुलनात्मक ढङ्गले नयाँ धारणाका रूपमा आएकाले हो (सारांश : २००६) । उन्नाइसौँ र बिसौँ शताब्दीमा भएका औद्योगिकीकरणको सेरोफेरोमा असमानताका विरुद्ध गरिएका सङ्घर्षको परिणामस्वरूप र पछि गएर समाजवादको नाराका रूपमा सामाजिक न्यायले समाजमा प्रवेश पाएको देखिन्छ । पछि प्रजातान्त्रिक समाजवादले शासनको स्वरूप लिएपछि खासगरी युरोपमा सामाजिक न्यायले राज्यमा र समाजमा, आर्थिक, राजनीतिक, सामाजिक तथा सांस्कृतिक समानताको लागि स्थान पाएको देखिन्छ र समानताका शासन व्यवस्थाका लागि प्रख्यात भएको

पाइन्छ (सारांश : २००६) । अन्तर व्यवस्थापिका सङ्घको स्थापनामा तयार भएको बडापत्रमा, संयुक्त राष्ट्र सङ्घको स्थापनासँगै तयार गरिएको बडापत्र र १९४८ मा घोषणा गरिएको विश्वव्यापि मानव अधिकारको घोषणापत्र र त्यसपछिका सारांशमा पारित र घोषित महासन्धिहरूमा पनि सामाजिक न्यायको प्रसङ्ग त्यति समेटिएको थिएन । सामाजिक विकाससँग सम्वन्धित विश्व शिखर सम्मेलन कोपेनहेगन १९९५ मा समेत यसले व्यापक छलपः लको स्थान पाएको थियो । पौडेल (२०६८) ले मानव अधिकार र सामाजिक न्याय मानव कल्याण, मानव मर्यादा र मानव सम्मानसँग सम्बन्धित भएकाले यिनीहरूको घनिष्टतम् सम्बन्ध छ भन्दै सामाजिक न्यायबिना मानव अधिकारको प्रत्याभूति र उपयोग सम्भव छैन भनेका छन् । सन १९९५ मा भएको सामाजिक विकास सम्बन्धी कोपेनहेगन मानव अधिकार र सामाजिक न्यायलाई अन्तरसम्बन्धित रहेको घोषणा गरेको छ । त्यसको ५ वर्षपछिमात्र एक्काइसौं शताब्दीको सुरुवातसँगै तयार भएको सहस्राब्दी लक्ष्यको घोषणामा भने सामाजिक न्यायले स्थान स्पष्ट रूपमा पाएको हो । त्यसपछि एउटा सामाजिक विकासका लागि अन्तरराष्ट्रिय मञ्चको स्थापना भयो र त्यसले सामाजिक न्यायको समग्र पक्षलाई समेटेर प्रतिवेदन तयार गऱ्यो । अहिलेसम्ममा संयुक्त राष्ट्र सङ्घले तयार गरेको एकमात्र विस्तृत रूपको प्रतिवेदन पनि त्यही हो– खुला विश्वमा सामाजिक न्याय (Social Justice in an Open World) । सहस्राब्दी लक्ष्य प्राप्तिका लागि तयार गरिएको अपेक्षित उद्देश्यमा शिक्षा र स्वास्थ्यलाई प्राथमिकताका साथ राखी खासगरी बालिका तथा महिला शिक्षालाई जोड दिएको पाइन्छ ।

आधुनिक विश्वको परिप्रेक्ष्यमा सामाजिक न्यायको पक्षलाई महत्त्व दिनुको तात्पर्य के हो भने विश्वका जनताहरूमा आम्दानीमा असमानता भएकाले नै अन्याय, शोषण र खतरा बढेको हो । आगामी दिनमा गरिबी न्यूनीकरणले मात्र सम्पूर्ण विग्रिएको अवस्थाम केही सुधार गर्न सकिने छ र सहस्राब्दी लक्ष्य पुरा हुनका लागि सामाजिक न्यायको करिब करिब नजिक पुग्न सक्ने छ (सारांश : २००६) । विश्वव्यापि रूपमा सामाजिक न्याय प्राप्तिको लक्ष्यमा पुग्न समग्र पक्षहरू मिल्नुपर्दछ । संयुक्त राष्ट्र सङ्घको बडापत्र, मानव अधिकारको विश्वव्यापि घोषणापत्र, संयुक्त राष्ट्र सङ्घ र यसका विभिन्न अवयवहरूले तयार गर्ने सन्धि, महासन्धि, ऐच्छिक सन्धिहरू र महासभाले पारित प्रस्तावहरूका आधारमा हस्ताक्षरकर्ता सदस्य राष्ट्रहरूले बनाउने समानताका पक्षमा, समताका पक्षमा र सामाजिक न्यायका पक्षमा संविधान, कानुनहरूले केही मद्दत पुऱ्याएका छन् । तर प्रयासहरू हुँदाहुँदै पनि राज्यभित्र, राज्य राज्यका बिचमा हुने हिंसात्मक द्वन्द्व, आर्थिक मन्दी र सीमाका कारणले हुने युद्ध एवम् झैझगडाले सामाजिक न्यायका लागि हुने प्रयास तथा भएका प्रयासहरू निरर्थक भइरहेका हुन्छन् ।

सामाजिक न्याय आज प्रत्येक समाजको स्वर्णिम लक्ष्य बनेको छ । राज्यको शासन प्रणालीमा समेत सामाजिक न्यायलाई प्राथमिकता दिइएको पाइन्छ । सामाजिक न्यायको धारणा लामो दार्शनिक तथा राजनीतिक उतार चढाबको सुखद परिणाम हो भन्दा अत्युक्ति हुने छैन । वैदिक युगलाई सबैभन्दा समतामूलक समाजका रूपमा आज अर्थ्याइन्छ । प्लेटोले आफ्नो द रिपब्लिक भन्ने पुस्तकमा समेत नागरिकहरूको समान अधिकारका बारेमा प्रभावकारी ढङ्गबाट आवाज उठाएको देखिन्छ भने सुकरातले त्यसभन्दा पहिले नै नागरिकको भलोका लागि, हितका लागि जोडदार आवाज उठाई बरु स्वाभिमानबाट विचलित हुनुभन्दा, न्यायका विरुद्धमा जानुभन्दा मृत्यु दण्ड नै वरण गरेको पाइन्छ । विभिन्न समयमा पूर्वीय दर्शन र पश्चिमी दर्शनमा मानवतावादको विकास भएको र आज आएर मानव अधिकारको संरक्षण गर्न पनि सामाजिक न्यायको आवश्यकता महसुस भएको छ (सारंशः २००६) ।

सामाजिक न्यायलाई सामाजिक नैतिकता पनि भन्न सकिन्छ । सामाजिक न्यायको सम्बन्ध व्यक्तिको समुदायप्रतिको त्यो नैतिक जिम्मेबारी हो जसको अन्तिम लक्ष्य सर्वसाधारणको कल्याण गर्नु हो (काफ्लेः २०६८) । पैाडेल (२०६८) ले आफ्नो पुस्तक मानव अधिकार र सामाजिक न्यायभित्र सामाजिक न्यायका परिचयमा भनेका छन् : सामाजिक न्याय वितरणात्मक न्यायसँग सम्बन्धित छ यद्यपि उपचारात्मक न्यायको माध्यमबाट पनि कतिपय अन्याय भने सच्च्याउनुपर्दछ । यद्यपि सामाजिक न्याय विशुद्ध

वितरणवादी क्रियाकलाप मात्र होइन। यसले त अवसरमा रहेको फरकलाई न्यायपूर्ण ढङ्गले सच्च्याउने र समाजमा रहेका असमानताहरूलाई हटाउने दुवै किसिमका अवस्थाहरूसँग सम्बन्ध राख्दछ।

सामाजिक न्यायलाई ग्रिफिथ्स (१९९८) ले यसरी परिभाषित गरेकी छिन् :

(क) सामाजिक न्यायले सबैको असल गर्दछ, त्यसबाट सबैले आफ्ना साझा चासोका विषयहरूको परिपूर्ति भएको ठान्ने छन्। आफ्ना समस्याहरू सम्बोधित भएको मान्ने छन् जसमा एकअर्काप्रतिको अन्तरनिर्भरता स्पष्ट महसुस गरिने छ।

(ख) असल भन्ने शब्दले ठिकसँग हुनु लाभको र उत्तरदायित्वको वितरणलाई इङ्गित गर्ने छ। यी दुवै धारणाले सामाजिक न्यायको एउटा पूर्ण परिभाषा दिने छ जसमा असल र ठिकले सामाजिक न्यायको अवस्थालाई जनाउने छन् जसमा लाभ र उत्तरदायित्वलाई एउटै सिक्काको दुई भागको रूपमा देखाउँछ। सामाजिक न्याय एउटा अनुभूति पनि हो, सन्तुष्टि पनि र देखिने गरी भएका समानताका उपायहरूले पनि यसलाई मुखरित गर्दछन्। सामाजिक न्याय प्राप्तिमा कसैको हार हुँदैन र सबैको जित निश्चित हुन्छ किनभने सबैले आफ्ना हक, अधिकार र सुविधा प्राप्त गरेका हुन्छन् जसले कसैलाई अप्ठेरो पारेको हुँदैन, बरु एउटाले पाएको सुविधाले अरूलाई पनि बाटो खुलाएको हुन्छ।

संयुक्त राष्ट्र सङ्घले सामाजिक न्याय प्राप्तिमा सामानको वितरण, अवसर र अधिकारको असमानताका ६ ओटा पक्षको औंल्याएको छ (सारांश : २००६) : आय वितरणमा असमानता, सम्पत्ति भोगचलनमा असमानता, कामको अवसर र तलबी रोजगारी वितरणमा असमानता, ज्ञानको पहुँचमा असमानता, स्वास्थ्य सेवा– सामाजिक सुरक्षा र सुरक्षित वातावरणको वितरणमा असमानता, नागरिक अधिकार तथा राजनीतिक सहभागितामा असमानता। संयुक्त राष्ट्र सङ्घको विचारमा देशहरूका बिचमा पनि असमानता बढ्दै गएको छ। एउटा देशको आम्दानी र अर्को देशको आम्दानीमा देखिने महान् अन्तरले ती देशका नागरिकहरूको जीवन स्तरमा व्यापक प्रभाव पारिरहेको हुन्छ। उदाहरणका लागि संयुक्त राज्य अमेरिका, क्यानाडा र ब्राजिलको राष्ट्रिय आयले अन्य अमेरिकी देशहरूको जीवन स्तरलाई नकारात्मक प्रभाव पारेको छ।

आजको प्रसङ्ग भनेको के हो भने सामाजिक न्यायको बाटोबाट नै आधुनिक विश्वको समतामूलक विकास सम्भव छ। यथार्थमा सामाजिक न्याय समाज विकासको प्रक्रिया र लक्ष्य दुवै हो (अधिकारी : २०५७)। रावल्स (१९७२) ले यसरी व्यक्त गरेका छन् : समाजका आधारभूत संस्थाहरूमा सबै नागरिकको समान अधिकार र कर्तव्यको प्रत्याभूति प्रदान गर्ने, लाभ तथा सामाजिक सहयोगको बोझ समान र न्यायोचित वितरण गर्ने प्रक्रिया नै सामाजिक न्याय हो। सामाजिक न्याय र विकासको अवधारणालाई सङ्कुचित ढङ्गले हेर्न र सङ्कुचित ढङ्गबाट मात्रै व्याख्या गर्न पनि मिल्दैन। यो असमान र परम्परागत संरचना विरुद्ध प्रजातान्त्रिक, सहभागिता र शान्तिपूर्ण प्रक्रियाका आधारमा समाजलाई पुनर्गठन गर्ने र समतामूलक समाजको निर्माण नै एक क्रान्तिकारी अभियान पनि हो (अधिकारी : २०५७)।

असमानताबाट समानता र समतातर्फ पाइला चाल्न शिक्षाको महत्त्वपूर्ण योगदान हुन्छ। आज सञ्चारमा भएको विकासले ज्ञानको र सूचनाको वितरणविना भेदभाव हुने गरेको पाइन्छ। तर गुणस्तरीय शिक्षाको कमीले ज्ञान र सूचनाको वितरणमा अन्तरनिहित फाइदाहरूसम्म पुग्न असम्भव छ। रेडियो, टेलिभिजन, समाचारपत्र, टेलिफोन (मोबाइल समेत) ले संसारका कुना कुनामा तत्कालै सूचना पुऱ्याएको छ। सूचनाको हकलाई जसरी निर्वाध सञ्चारका माध्यमहरूले जनसमक्ष पुऱ्याउन सकेका छन्, त्यस्तैगरी गुणस्तरीय शिक्षालाई जनसमक्ष पुऱ्याउन सकिएको छैन। अहिले शिक्षा त बजारको सामान जस्तो भएको छ, जोसँग लगानी गर्ने क्षमता छ, उसैसँग मात्र गुणस्तरीय शिक्षा उपलब्ध छ। खासगरी अविकसित तथा विकासोन्मुख देशहरूमा शिक्षा किनबेचको सामान जस्तो

भएको छ। यसले ज्ञानको क्षेत्रमा ठुलो रिक्तता पैदा गरेको छ। धनी र गरिबले प्राप्त गर्ने शिक्षामा नै अन्तर आउने भयो जबकि दुवै एउटै समाजमा बस्छन्।

यसैलाई दृष्टिगत गरी सन् १९९५ मा भएको विश्व विकास शिखर सम्मेलनको कोपेनहेगन घोषणाको १० ओटा प्रतिवद्धतामध्ये ६ नम्बरको प्रतिबद्धतामा भनिएको छ : विश्वव्यापि रूपमा मान्यता प्राप्त गरेको र समतामूलक गुणस्तरीय शिक्षा उपलब्ध गराउन र त्यसमा स्तर वृद्धि गर्न हामी आपसमा प्रतिवद्धता व्यक्त गर्दछौं जसबाट रङ्ग, जातजाति, लिङ्ग, उमेर र अपाङ्गताको कुनै भेदभाव गरिने छैन, जसबाट प्राथमिक स्वास्थ्य सो, शारीरिक तथा मानसिक स्वास्थ्य सेवालाई दुरुस्त राख्न मद्दत पुऱ्याउने छ। जनता केन्द्रित दिगो विकासलाई मद्दत पुऱ्याउन, साझा सांस्कृतिक पहिचानको सम्मान गर्दै, व्यक्तिगत संस्कृतिको जगेडा समेत गर्न, मानवीय साधनको पूर्ण प्रयोग गर्दै सामाजिक विकास गर्न जसबाट गरिबी न्यूनीकरण गर्दै उन्मूलनसमेत गर्ने गरी रोजगारी उन्मूख र सामाजिक एकता वृद्धि गर्नसमेत त्यो उपलब्ध गुणस्तरीय शिक्षाले मद्दत गर्ने छ। त्यसो गर्न राष्ट्रिय रूपमा विभिन्न रणनीतिहरू तयार गरिने छ जसमा–

- आवधिक समयवद्ध रणनीति तयार गर्ने जसबाट विश्वव्यापी मान्यता प्राप्त आधारभूत शिक्षा प्राप्त होस् र निरक्षरता उन्मूलन गर्न सकियोस्।
- जीवनपर्यन्त शिक्षामा जोड दिने, सबै बालबालिकाहरूलाई शिक्षाको अवसर उपलब्ध गराउने, खासगरी बालिकालाई र महिलालाई प्राथमिकतामा राख्ने जसबाट उनीहरूको सामाजिक, आर्थिक तथा राजनीतिक विकास प्रक्रियामा कुनै प्रकारको अवरोध सिर्जना नहोस् भनी ध्यान पुऱ्याउने छ। विद्यालय शिक्षा जसरी पनि पुरा होस् भन्ने कुरामा जोड दिइने छ। बालिका तथा महिला शिक्षामा यसकारणले बढी जोड दिइने छ कि यदि बालिका तथा महिला शिक्षामा सफल हुन सके मातृशिशु मृत्युमा त्यसले तत्काल कमी ल्याउने अपेक्षा गरिएको छ। सामाजिक समानतामा वृद्धि हुने छ। जनसङ्ख्या वृद्धिमा कमी आउने छ। महामारीका रोगमा कमी आउने छ। एचआइभी एड्स नियन्त्रणमा फड्को मार्न सकिने छ।
- सामाजिक अवस्थामा रहेका असमानताहरूलाई निवारण गर्न विशेष प्रयास गर्दै जात, उत्पत्ति, लिङ्ग, उमेर वा अपाङ्गता आदि कुनै पनि आधारमा विभेद नगरी गुणस्तरीय शिक्षामा विश्वव्यापि एवम् समन्यायिक रूपमा पहुँच, उच्चस्तरको शारीरिक र मानसिक स्वास्थ्य र सबै प्रकारका प्राथमिक स्वास्थ्यमा पहुँच पुऱ्याउने लक्ष्य प्राप्त गर्न, साझा एवम् विशेष संस्कृतिको प्रबर्धन र सम्मान, विकासमा संस्कृतिको भूमिकालाई विकास गर्ने, जनता केन्द्रित दिगो विकासलाई बढावा दिने र पूर्ण रूपमा मानव विकास र सामाजिक विकासमा योगदान पुऱ्याउने तथा यी गतिविधिहरूमा गरिबी निवारण, उत्पादनशील एवम् पूर्ण रोजगार र सामाजिक ऐक्यबद्धता कायम गराउने उद्देश्य रहने छ।
- निरक्षरता उन्मूलनका लागि समयबद्ध राष्ट्रिय रणनीति तयार गरी सुदृढ पार्ने जसभित्र पर्ने छन्– बाल विकास शिक्षा, प्राथमिक शिक्षा, निरक्षरहरूका लागि शिक्षा, सबै समुदायका लागि सकेसम्म सम्भव भए सबै मातृभाषामा अनौपचारिक शिक्षाका विभिन्न सिकाइको उच्चतम सम्भावनाका आधारहरू प्राप्त गरिने गरी उपायहरू प्रयोग गरिने छ।
- सबै उमेरमा मानिसलाई काम लाग्ने ज्ञान, तर्कपूर्ण क्षमता, दक्षता, नैतिकता, सामाजिक मूल्य मान्यतामा आधारित शिक्षा प्राप्त गर्ने छन्।
- यसरी समाजको जगसम्म नै पुग्ने गरी २५ ओटा प्रतिवद्धताका लागि रणनीतिहरू तयार गरिएको थियो र त्यसैको फलस्वरूप सन् २०१५ सम्ममा विश्वबाट निरक्षरता उन्मूलन गर्ने गरी अहिले पनि रणनीतिहरू तयार गरिएको छ। ती रणनीति हरूमा अपाङ्गता भएका व्यक्तिहरूका लागि, साँस्कृतिक, भाषिक, सामाजिक, आर्थिक, राजनीतिकरूपमा पछि परेका व्यक्तिहरूका लागि, समूहहरूका लागि कसरी हुन्छ, शिक्षामार्फत समाज विकासको मूल प्रवाहमा समावेश

गरी व्यक्तिगत, सामाजिक तथा राष्ट्रिय विकासमा योगदान पुऱ्याउन सक्षम गराउने प्रतिवद्धता व्यक्त गरिएको थियो । शिक्षाले मात्र स्वास्थ्य स्थितिमा सुधार हुने र त्यसका लागि औपचारिक अनौपचारिक, समुदाय केन्द्रित सिकाइ प्रक्रियालाई अवलम्बन गरिने लक्ष्यसहितका् प्रतिबद्धता संयुक्त राष्ट्र सङ्घको थियो र अहिले पनि त्यही कार्यनीतिलाई अवलम्बन गरिँदै आएको छ ।

## ३. सामाजिक न्यायको उद्देश्य

पौडेल (२०६८) ले सामाजिक न्यायको उद्देश्यलाई यसरी वर्गीकरण गरेका छन् :

- समाजका विभिन्न वर्गलाई साधन र स्रोत एवम् लाभ र हानिको न्यायोचित वितरण गरी न्यायपूर्ण समाजको स्थापना गर्ने ।
- सार्वजनिक कल्याण अभिवृद्धि गर्दै राष्ट्र निर्माणको अभियानमा सम्पूर्ण वर्ग, क्षेत्र र समुदायका नागरिकलाई मूल प्रवाहीकरण गर्ने ।
- जात जाति, धर्म भाषा, लिङ्ग, क्षेत्र, ल वैचारिक आस्था, सामाजिक उत्पत्ति, शारीरिक अवस्था, गर्भावस्था, वैवाहिक स्थिति, आदिका आधारमा नागरिकउपर गरिने भेदभावबाट मुक्त गरी उनीहरूलाई आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक समानताको स्थितिमा पुऱ्याउने ।
- लक्षित वर्ग क्षेत्र लिङ्ग र समुदायप्रति गरिने स्वच्छ व्यवहार र समाजका सबै किसिमका अवसर र लाभको निष्पक्ष वितरण गर्ने ।
- समाजमा रहेका कमजोर र विपन्न समुदायको उत्थान, सशक्तीकरण र समतामूलक गर्ने ।

### सामाजिक न्यायको क्षेत्र

सामाजिक न्याय भनेको मानिस मानिस बिच हुनुपर्ने समता हो । यसको क्षेत्र भनेको मानिसको बाँच्ने अधिकारसँग सम्बन्धित छ (अधिकारी : २०६३) । समाजमा मानिस बस्छन् । समाजको निर्माण गर्ने पनि मानिस हो । समाजको आवश्यकता मानिसलाई नै परेकाले मिलेर बस्ने एउटा प्रक्रिया मानिसले सुरु गरेका हुन् । समाजमा कसरी मिलेर बस्ने भनेर केही अलिखित नियम बनाइयो । पछि मानिसले नै ती नियम मान्न बाध्यता देखाएन । त्यसपछि मानिसलाई नै बन्धनमा राख्न मानिसले नै लिखित नियम, कानुन, संविधान, कारागार, दण्ड र सजायको व्यवस्था गरेको देखिन्छ । समाजको निर्माणदेखि आजको अवस्थासम्म आइपुग्दा मानिसले आफैं विरुद्ध आफू उभिनुपर्ने अवस्था पनि धेरै पटक आयो र उभियो पनि । आफ्नो प्रतिवद्धतामा अडिग भएर उभिने पनि मानिस नै भयो । कार्य सम्पादनको सिलसिलामा मानिसका कामका हिसाबले तहको पनि निर्माण हुन गयो । एउटा काम अह्राउने तहमा पुग्यो र अर्को काम गर्ने तहमा देखियो । काम अह्राउने र काम गर्ने वा नगर्ने पनि मानिस नै हुन गयो । आफ्नो भनाइ नमान्ने वा मान्ने पनि मानिस नै भएकाले त्यहाँ दण्ड र पुरस्कारको प्रक्रिया अपनाइयो । दण्डका विरुद्धमा उठ्ने पनि मानिस नै भयो । त्यसपछि भइरहेको प्रक्रियामा नै समानता वा न्याय खोज्ने र समाजमा सबै बराबरीको सिद्धान्त बनाउन मानिस नै बाध्य भयो । आजको असमानता, अविवेक, अन्याय, अत्याचार र थिचोमिचो त्यसैको परिणाम हो । त्यसैले समाजमा स्थापित देखिने-नदेखिने न्यायको सूक्ष्म पुनरावलोकन गरी समय सापेक्ष रूपमा मानवोचित न्याय प्राप्त गर्न र गराउन सामाजिक न्यायको प्रसङ्ग आउने गर्दछ। आजको सामाजिक न्यायको प्रसङ्गमा यी भनाइहरू आउने गर्दछन् (सारांश : २००६ सन्, अधिकारी : २०६३, २०६६, २०६८, काफ्ले तथा साथी : २०६५, २०६८, २०६९ कोइराला : २०६१, ग्रिफिथ्स : १९९८)

सामाजिक न्यायको प्रसङ्गमा सशक्तीकरण पहिले कि अवसर पहिले भन्ने प्रश्न उठिरहन्छ । यो प्रश्न आजमात्र होइन, औपनिवेशिक कालमा पनि उपनिवेशबाट भर्खर जस्तो स्वतन्त्र भएका देशहरूमा सामाजिक न्यायको खोजी हुँदा झन् चर्को स्वरमा उठेको थियो । भारतका महान् समाजवादी चिन्तक डाक्टर राममनोहर लोहियाले सन् साठीको दसकका बेलामा नै यसो भनेका थिए– महिला चाहे योग्य हुन् वा अयोग्य, सर्वप्रथम उनलाई उच्च स्थानमा राखौं । जब महिलाहरू ठूलो ओहदामा बस्लान्, मौका

पाउलान्, तब तिनीहरूको दिमागको ढोका खुल्ने छन् । तिन चार हजार वर्षदेखि यिनका दिमागको ढोका बन्द गरिएका छन्, उच्च स्थानमा बस्ने मौका दिइएको छैन । समाजवादी दलको भनाइ के छ भने पहिले अवसर पछि योग्यता । अवसर पहिले दिउँ पछिबाट योग्यता बढ्दै जान्छ (लोहिया : २०४८) । यस भनाइले पनि भारतमा नीति निर्माताहरूको, दार्शनिक तथा राजनेताहरूको विचारमा मनमस्तिष्कमा महिलाहरूलाई अवसर दिएमा समाज विकासको क्रमले छलाङ मार्ने अनुमान गरिएको देखिन्छ । कतिपय युरोपका देशहरूमा देखिएको लैङ्गिक समता पनि ६० को दशकमा आएको दार्शनिक अवधारणालाई मानिन्छ ।

## निष्कर्ष

सामाजिक न्यायले समूहको अधिकारलाई स्पष्ट पार्छ र यो त्यस कारणले सामूहिक न्याय हो । मानवअधिकारले व्यक्तिगत अधिकारलाई सुरक्षित र संरक्षित गर्दछ । व्यक्तिको जन्म सिद्ध प्राकृतिक अधिकार तथा कानुनी अधिकारलाई जोखिममा पर्न नदिन मानव अधिकारको आवश्यकता पर्दछ । मानव अधिकारको पनि तेस्रो पुस्ताको अर्थमा मानव अधिकार अब सामूहिक पनि मान्नु पर्ने हुन्छ जसलाई सामाजिक न्यायको दृष्टिले अर्थ्याइएको छ । मानव अधिकार सम्बन्धी विषय सामान्यतः व्यक्तिसँग सम्बन्धित भएकाले यसका प्रयासहरूमा व्यक्तिलाई केन्द्रित गरिन्छ यद्यपि मानव अधिकार सम्बन्धी तेस्रो जेनेरेसनको अवधारणाले समूह अधिकारको विषयलाई सम्बोधन गर्ने हुँदा मानवअधिकार वैयक्तिकबाट सामूहिक अधिकारको विषय बन्दै गएको छ । सामाजिक न्याय समाज र अन्तराष्ट्रिय समुदायसँग सम्बन्धित मानिए पनि यसले विभिन्न समुदाय वा वर्गबिच अधिकतम समानता र उच्च जीवन स्तर कायम गर्ने आकाङ्क्षा राख्ने भएकाले अन्ततः समुदाय लाभान्वित हुँदा व्यक्तिका मानव अधिकारको सम्मान र संरक्षण पनि हुन्छ ।

## सन्दर्भसूची


अधिकारी, हरिविनोद; (वि.सं.२०६३) । **सामाजिक न्याय शिक्षा– नेपाली परिवेशमा (शिक्षक शिक्षा, वर्ष ४, अङ्क** १) । शैक्षिक जनशक्ति विकास केन्द्र : भक्तपुर, सानोठिमी

.............................. (वि.सं.२०६७) । **लैङ्गिक सन्तुलन र सामाजिक न्याय (लैङ्गिक समविकास शिक्षा, वार्षिक पत्रिका)** । शिक्षा विभाग : भक्तपुर, सानोठिमी

अधिकारी, यज्ञप्रसाद; (सन् २००१) । **सामाजिक न्याय : नेपालको सन्दर्भ** । काठमाडौँ : प्रजातन्त्र संवर्धन केन्द्र

काफ्ले, बासुदेव र ढकाल, हेमराज; (वि.सं.२०६९) । **शिक्षामा सामाजिक न्याय ।** सनलाइट पब्लिकेसन्स, काठमाडौँ : कीर्तिपुर

काफ्ले,बासुदेव,ढकाल,हेमराजरअधिकार,किसानप्रसाद,(वि.सं.२०६८)।**शिक्षामासामाजिकन्याय।** सनलाइट पब्लिकेसन्स, काठमाडौँ : कीर्तिपुर

कोइराला, विद्यानाथ (वि.सं.२०६१) । **सामाजिक न्यायको सेरोफेरोमा शिक्षा ।** स्टुडेन्ट्स् बुक्स पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स (वितरक), काठमाडौँ : कीर्तिपुर

नेपाल सरकार । **नेपालको अन्तरिम संविधान (२०६३) ।** काठमाडौँ : कानुन किताव व्यवस्था समिति

पौडेल, महेश शर्मा (वि.सं.२०६८) । **मानव अधिकार र सामाजिक न्याय ।** राष्ट्रिय न्यायिक प्रतिष्ठान, ललितपुर : हरिहर भवन

पौडेल, आनन्द (वि.सं.२०६१) । **सामाजिक न्यायका लागि शिक्षा, सामाजिक न्यायको सेरोफेरोमा शिक्षा ।** काठमाडौँ : स्टुडेन्ट्स् बुक्स पब्लिसर्स

पौडेल, लेखनाथ; (वि.सं.२०६१) । **नेपालमा सामाजिक न्याय : आन्दोलन र मुद्दाहरू, सामाजिक न्यायको सेरोफेरोमा शिक्षा ।** काठमाडौँ : स्टुडेन्ट्स् बुक्स पब्लिसस

लोहिया, राममनोहर (वि.सं.२०४८) । **सप्तक्रान्ति (अनुवाद)** । काठमाडौँ : समता अध्ययन केन्द्र
**महिला मानव अधिकार** (२०६९) । ललितपुर : राष्ट्रिय मानव अधिकार आयोग
लोहिया, राममनोहर (वि.सं.२०४८) । **सप्तक्रान्ति (अनुवाद)** । काठमाडौँ : समता अध्ययन केन्द्र
पाठ्यक्रम विकास केन्द्र । **राष्ट्रिय पाठ्यक्रमम प्रारूप** (२०६३) । भक्तपुर : लेखक
लोहिया, राममनोहर (वि.सं.२०४८) । **सप्तक्रान्ति (अनुवाद)** । काठमाडौँ : समता अध्ययन केन्द्र

Adhikari, Hari Binod. (2065 BS). *Social Justice Education in Nepal: An Overview, Siksa*. Curriculun Development Centre, Bhaktapur : Sanothimi

Griffiths, M. (1998). *Educational Research for Social Justice.* Philadelphia: Open University Press.

United Nations, New York (2006). *Social Justice in an Open World, The Role of the United Nations.* New York : Printed by the United Nations.